बैठक संख्या : ३
बैठक मिति : २०७६/०४/२८

छलफल तथा निर्णय

१. सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत “२०७६ को मनसुनी वर्षाका कारण आएको बाढि, पहिरो तथा डुवानबाट भएको क्षति तथा पुनर्लाभ आवश्यकता आँकलन सम्बन्धी अध्ययन" कार्यका लागि तयार गरिएको अवधारणा-पत्र परिमार्जन सहित स्वीकृत गर्ने। उल्लिखित अध्ययन कार्य विषय क्षेत्र हेर्नुहुने माननीय सदस्यले प्रकृया अगाडि बढाउने ।

२. महिला, वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र अर्थ मन्त्रालयबाट आयोगको राय माग भई आएको “नर्वेजियन सरकारको तर्फबाट **Norwegian Agency for Development Cooperation (NORAD)** ले **Gender Equality for Development Programme (LIKE PROJECT)**" मार्फत उपलब्ध गराउने वस्तुगत सहयोग (**In-Kind Contribution**) तथा प्राविधिक सहायता सम्बन्धी परियोजना दस्तावेज सम्बन्धमा सुशासन तथा सामाजिक विकास महाशाखा र केन्द्रीय तथ्याङ्क विभागबाट बैठकमा प्रस्तुत रायका साथै आयोगको बैठकमा प्राप्त राय/सुझावहरुलाई समेत समावेश गरी विषय क्षेत्रगत माननीय सदस्यस्तरबाट स्वीकृति लिई पठाउने ।

३. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत दिगो विकास लक्ष्य प्रगति प्रतिवेदनको अवधारणा पत्र र परामर्शदाताको कार्यशर्त परिमार्जन सहित स्वीकृत गर्ने ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आयोगको राय/सुझावका लागि आएको "बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७६” सम्बन्धमा अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट प्रस्तुत राय/सुझाव पठाउने ।

५. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र एसिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक आयोग (**UNESCAP**) को संयुक्त आयोजनामा २०७६ भाद्र ४ गते तद्अनुसार २१ अगष्ट २०१९ मा काठमाडौंमा हुन गइरहेको **National Workshop on Developing National Roadmap to Achieve SDG 7** विषयक कार्यशालामा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट अनुरोध भई आए अनुसार राष्ट्रिय योजना आयोग सह-आयोजकका रुपमा सहभागी हुने ।

६. राष्ट्रिय योजना आयोग र प्रदेश नीति/योजना आयोगका बीचमा समन्वय र सहकार्य लगायतका विषयमा अन्तरक्रियात्मक छलफल कार्यक्रम भाद्र महिनाको दोस्रो हप्ताभित्र काठमाडौंमा सञ्चालन गर्ने । यससम्बन्धी तयारीको कार्य आर्थिक व्यवस्थापन महाशाखाले गर्ने ।

७. मिति २०७६ कार्तिक १८ देखि २१ गते तद्अनुसार सन् २०१९ नोभेम्बर ४ देखि ७ सम्म काठमाडौंमा आयोजना हुने पाँचौं विश्व **SUN Global Gathering 2019** सम्मेलनको उद्घाटन तथा समापन सत्रको मस्यौदा कार्यक्रम सम्बन्धमा जानकारी प्राप्त भयो ।

८. सामाजिक सुरक्षा र संरक्षणको ढाँचा तयार गर्ने कार्यका लागि विज्ञ सेवा लिने सम्बन्धमा प्रस्तुतिबाट जानकारी प्राप्त भयो । यस सम्बन्धमा अवधारणा-पत्र सहित विषय क्षेत्र हेर्नुहुने माननीय सदस्यले आयोगमा पुनः छलफलका लागि प्रस्तुत गर्ने ।